# सूचनाको हक सम्बन्धि ऐन, २०६४ को दफा ५ उपदफा (३) बमोजिमको आ.व. २०८०/८१ को दोस्रो त्रैमास (पौष मसान्तसम्म) को विवरण

१. **निकाय को स्वरुप र प्रकृती :**
तत्कालिन कम्पनी ऐन, २०५३ बमोजिम स्थापना भई तत्कालिन बीमा ऐन, २०४९ बमोजिम बीमा समितिबाट जीवन बीमा सम्बन्धी कारोवार संचालन गर्न ईजाजत प्राप्त बीमा कम्पनी । जीवन बीमा व्यवसायको कारोवार २०५८ साल बैशाख २१ गते बाट शुरु गरिएको । हाल कम्पनीको अधिकृत पूँजी रु १० अर्ब र चुक्ता पूँजी रु ८२०.७९ अर्ब रहेको ।

२. **निकायको काम, कर्तव्य र अधिकार :**
बीमा ऐन, २०७९ मा व्यवस्था भए बमोजिम तथा कम्पनीको प्रबन्ध पत्रमा व्यवस्था भए बमोजिमका काम, कर्तव्य र अधिकार ।

३. **निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण :**
कार्यरत कर्मचारी संख्या ५९९ रहेको छ र कम्पनीले तोकेको कार्य विभिन्न पदमा कार्यरत कर्मचारीहरु मार्फत भईरहेको छ। व्यवस्थापन समूहको नाम र पद कम्पनीको वेवसाईट www.nepallife.com.np बाट जानकारी लिन सकिन्छ ।

४. **निकायबाट प्रदान गरिने सेवा :**
प्रचलित कम्पनी ऐन, २०६३ तथा बीमा ऐन, २०७९ अन्तर्गत रहि दीर्घकालीन प्रकृतीको जीवन बीमा व्यवसाय सेवा प्रदान गर्ने ।

५. **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी :**
सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीको विवरणहरु कम्पनीको वेबसाईट बाट जानकारी लिन सकिन्छ ।

६. **सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :**
कम्पनीले प्रदान गर्ने विभिन्न सेवाको शुल्क तथा सो सम्बन्धी आवश्यक अन्य सम्पुर्ण विषयवस्तुहरु यस कम्पनीको वेवसाइटमा प्रकाशित गरिएको छ ।

७. **निर्णय गर्ने प्रक्रिया र अधिकारी :**
कारोवारका सम्वन्धमा शाखा प्रवन्धक, प्रादेशिक कार्यालय प्रमुख, विभागीय प्रमुखका अतिरिक्त उच्च पदस्थ व्यवस्थापन पदाधिकारीहरु प्रमुख निर्णयकर्ताका रुपमा रहेका छन् । कम्पनीको दैनिक कार्य संचालनसँग सम्बन्धित विषयमा प्रमुख कार्यकारी अधिकृत तथा कम्पनीको समष्टिगत कार्यसंचालनसँग सम्बन्धित विषयमा संचालक समिति अन्तिम निर्णयकर्ताको रुपमा रहेको छ ।

८. **निर्णय उपर उजुरी सुन्ने अधिकारी :**

कम्पनीले प्रदान गरेको सेवाको सम्बन्धमा ग्राहकहरुको कुनै किसिमको गुनासो तथा उजुरी सुन्नका लागि कम्पनीले केन्द्रिय स्तरमा गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिएको छ । निजको नाम, ठेगाना यस प्रकार रहेको छ :

किनकि जीवन अमूल्य छ...

१२. जीवन बीमासँग सम्बन्धित अन्य प्रचलित नेपाल कानुन ।

**१२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अध्यावधिक विवरण :**

कम्पनीको आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी त्रैमासिक विवरणहरु राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशित हुँदै आएको छ । साथै, सो सम्बन्धी विवरण कम्पनीको वेवसाईटमा समेत उपलब्ध छ ।

**१३. तोकिए बमोजिमका अन्य विवरण :**

तोकिए बमोजिमका अन्य विवरण हाल नभएको ।

**१४. अघिल्लो आर्थिक बर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरण:**

यस कम्पनीले जीवन बीमा सम्बन्धी कारोवार गर्दै आएको छ तर विशेष प्रकारको कुनै कार्यक्रम वा आयोजना संचालन गरेको छैन ।

**१५. सार्वजनिक निकायको वेवसाइट भए सो को विवरण :**

यस कम्पनीको वेवसाइट www.nepallife.com.np रहेको छ ।

**१६. सार्वजनिक निकायले प्राप्त गरेको बैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण :**

नभएको ।

**१७. सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन :**

यस कम्पनीले जीवन बीमा कारोवार सम्बन्धी कार्य गर्दै आएको छ, त्यसदेखी बाहेक विशेष प्रकारको कुनैपनि कार्यक्रम वा आयोजना संचालन गरेको छैन । कम्पनीको त्रैमासिक व्यवसायिक कारोवार/प्रगती प्रतिवेदन/विवरण कम्पनीको वेवसाईटबाट प्राप्त गर्न सकिनेछ ।

**१८. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि :**

यस कम्पनीले सूचनाको कुनै वर्गिकरण नगरेको । सूचनामा अनाधिकृत पहुँच र सो को अनाधिकृत प्रशारण नहुने गरि प्रचलित कानुन बमोजिम सूचनाको संरक्षण गरिएको ।

**१९. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय ।**

यस आर्थिक वर्षको दोस्रो त्रैमासमा सूचना माग सम्बन्धी एउटा निवेदन प्राप्त भएको र सो विषय राष्ट्रिय सूचना आयोगमा विचाराधीन रहेको ।

**२०. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरण :**

यस कम्पनीले आफ्नो वार्षिक विवरणहरु पुस्तकको रुपमा तथा कम्पनीको वेवसाइटमा समेत प्रकाशित गर्दै आएको छ । साथै कम्पनीको आर्थिक विवरणहरु त्रैमासिक रुपमा राष्ट्रिय स्तरको पत्रपत्रिका गरि कम्पनीको वेवसाइटमा समेत प्रकाशित गर्दै आएको छ ।

किनकि जीवन अमूल्य छ...